का.जि.प्र.का.द.नं. १००/०५९/६०

१३ असार २०८०,
बुधबार
28 June 2023,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २१, अंक १५३ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com




# अपरिपक्व अपरेशन

**ललिता निवास जग्गा अनियमितता प्रकरणमा पूर्वमन्त्रीहरु विजयकुमार गच्छदारदेखि डम्बरबहादुर श्रेष्ठ र चन्द्रदेव जोशीमाथि पनि भ्रष्टाचारको आरोपमा मुद्दा चलेको छ । अख्तियारका पूर्वप्रमुख दीप बस्न्यातदेखि अरु दुई पूर्वसचिवहरु छविराज पन्त र दिनेशहरि अधिकारी मुछिएका छन् ।**

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १२ असार ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान व्यूरो (सीआईबी)ले ललिता निवास जग्गा अनियमितताका बारेमा फेरि अनुसन्धान सुरु गरेको छ । तर, अपरेशन सुरु गरेकै दिन पक्राउ परेका सात जनामध्ये तीन जना थुनामुक्त भएका छन् । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको भ्रष्टाचार मुद्दा विचाराधीन रहेकै अवस्थामा फेरि यसैसँग सम्बन्धित अर्को मुद्दामा पक्राउ नगर्न सर्वोच्च अदालतले पहिल्यै अन्तरिम आदेश दिएको पाइएपछि तीन आरोपीलाई छाडिएको सीआईबीले जनाएको छ ।

यसरी छुट्नेमा मालपोत कार्यालय डिल्लीबजारमा तत्कालीन कर्मचारी कलाधर देउजा, सुरेन्द्रमान कपाली र हुपेन्द्रमणि केसी छन् । प्रहरीका अनुसार उनीहरुलाई पक्राउ नगर्न भन्दै १९ साउन २०७९ मा सर्वोच्च अदालतबाट आदेश भएको थियो ।

सीआईबीले मंगलबार दिनभर अपरेशन चलाएर भाटभटेनी सुपरमार्केटका सञ्चालक मीनबहादुर गुरुङ, पूर्वनिर्वाचन आयुक्त सुधीर शाहसहित ७ जनालाई पक्राउ गरेको थियो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २२ माघ २०७६ मा १७५ जनाविरुद्ध भ्रष्टाचारको कसूरमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो । लगत्तै गृह मन्त्रालयले ठगी र कीर्तेमा अनुसन्धान गर्न भन्दै सीआईबीमा पत्र पठाएको थियो ।

यो बीचमा ठगीमा मुद्दा नचलाउने निर्णय भयो भने अहिले सोही पत्रका आधारमा कीर्तेसम्बन्धी कसूरमा अनुसन्धान अघि बढेको थियो । सुवर्णशमशेर र उनको परिवारको नाममा रहेको जग्गा सरकारले अधिग्रहण गरेकामा राजनीतिक कारणले जफत भएको भन्दै फिर्ता गराएर विभिन्न व्यक्तिको नाममा नामसारी गर्न सहयोग गर्दै सरकारी लिखत तथा कागजात कीर्ते भएको सीआईबीका अधिकृतहरु बताउँछन् ।

अधिकृतहरुका अनुसार ललितानिवासको २९९ रोपनी जग्गामध्ये १ सय १४ रोपनी जग्गा हिनामिना भएको थियो ।

मंगलबारको अपरेशन अपरिपक्क भएको प्रहरीहरु नै स्वीकार गर्छन । तर, अघि बढेको अनुसन्धान नरोकिने अधिकारीहरुको जवाफ छ । डेढ वर्षअघि महान्यायाधीवक्ताको हस्तक्षेपका कारण रोकिएको अनुसन्धान प्रहरीले अघि बढाएको हो । प्रहरीका अनुसार, त्यो घटनामा जोडिएका अरु केही व्यक्तिहरुको खोजी भइरहेको छ ।

तत्कालीन महान्यायाधीवक्ता खम्मबहादुर खातीको निर्देशनमा सरकारी वकिलको कार्यालय, काठमाडौंले २०७८ मंसिरको अन्तिम साता फेरि अनुसन्धान गर्नु अघि फाइल सीआईबीमा पठाएको थियो ।

त्यतिबेला सीआईबीले सरकारी कागजात किर्ते गरेको आरोपमा मुद्दा चलाउनुपर्ने भनी अनुसन्धान प्रतिवेदन तयार गरेको थियो । पृष्ठ २ मा

**पछि हट्यो सरकार**

# जिल्ला निर्वाचन कार्यालयहरु कायमै रहने

जिल्ला निर्वाचन कार्यालयहरुलाई जिल्ला प्रशासन कार्यालयको इकाइका रुपमा राख्ने व्यवस्था बजेटमा राखेको भन्दै एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीले मंगलबार संसद अवरुद्ध गरेको थियो । मंगलबार नै बसेको दोस्रो बैठकमा अर्थमन्त्री डा. महतले निर्वाचनको स्वतन्त्रतामा कुनै सम्झौता नगर्ने बताए ।



जिल्ला निर्वाचन कार्यालयहरु कुनै खारेजी हुँदैन, जसरी निर्वाचन आयोगले राख्न चाहन्छ, त्यसरी नै रहन्छ ।

**डा. प्रकाशशरण महत**
**अर्थमन्त्री**



निर्वाचन आयोगका जिल्लास्थित कार्यालय उस्तै रुपमा सञ्चालन हुने सरकारले गरेको निर्णय स्वागतयोग्य छ ।

**शालिग्राम शर्मा पौडेल**
**प्रवक्ता, निर्वाचन आयोग**

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १२ असार ।

जिल्ला निर्वाचन कार्यालयहरु खारेज गर्ने निर्णयबाट सरकार पछि हटेको छ । सरकारले साविककै रुपमा कायमै निर्वाचन कार्यालयहरु राख्ने प्रतिबद्धता जनाएको छ । निर्वाचन आयोगको स्वतन्त्रतालाई कमी हुन नदिने समेत अर्थमन्त्री डा. प्रकाशशरण महतले बताएका छन् ।

जिल्ला निर्वाचन कार्यालयहरुलाई जिल्ला प्रशासन कार्यालयको इकाइका रुपमा राख्ने व्यवस्था बजेटमा राखेको भन्दै एमाले र राष्ट्रिय स्वतन्त्र पाटी रास्वपाले मंगलबार संसद अवरुद्ध गरेको थियो । मंगलबार नै बसेको दोस्रो बैठकमा अर्थमन्त्री डा. महतले निर्वाचनको स्वतन्त्रतामा कुनै सम्झौता नगर्ने बताए ।

सरोकारवालाहरुसँग छलफलपछि जिल्ला निर्वाचन कार्यालयलाई कायमै राख्ने पक्षमा सरकार पुगेको भन्दै उनले भने, 'यो कुनै खारेजी हुँदैन, जसरी निर्वाचन आयोगले राख्न चाहन्छ, त्यसरी नै रहन्छ ।' त्यसअघि नेपाली कांग्रेसका पृष्ठ २ मा

# खस्किँदै त्रिविको गुणस्तर

**कान्ति न्यौपाने / मध्यान्ह**
काठमाडौं, १२ असार ।

मंगलबार त्रिभुवन विश्वविद्यालयको ६४ औं वार्षिकोत्सवमा बोल्दै प्रधानमन्त्री पुष्पकमल दाहालले विश्वपरिवेश अनुसारका प्रतिस्पर्धी विद्यार्थी उत्पादन गर्न सरकार लागिपरेको दाबी गरे । उनकै बोलीलाई समर्थन गर्दै शिक्षामन्त्री अशोक कुमार राईल पनि समयसापेक्ष विश्वविद्यालयलाई परिमार्जन गरेर अघि बढ्ने प्रतिबद्धता गरे । तर, सरकारी निकायमा रहने व्यक्तिहरुले विश्वविद्यालय सुधारको प्रतिबद्धता गरेपनि वर्षेनी गुणस्तर खस्किन थालेको विभिन्न प्रतिवेदन र तथ्यांकले देखाउन थालेका छन् । मूलतः व्यवहारमूखी शिक्षाको अभावका कारण नेपालमा भन्दा पनि बाहिर गएरै अध्ययन गर्ने विद्यार्थीको संख्या उच्च देखिन थालेको हो ।

'पछिल्लो समय त्रिवीको ढिलासुस्तीले विद्यार्थीलाई विदेसिन बाध्य बनाएको छ, सो विषयमा सुधार हुनु आवश्यक देखिन्छ, अब त्रिवीलाई समयानुकुल परिवर्तन गर्नुको विकल्प छैन,' शिक्षाका लागि राष्ट्रिय अभियान नेपालका अध्यक्ष राजेन्द्र पहाडीले भने । उनले बजेटको २० प्रतिशत शिक्षा क्षेत्रलाई छुट्टाएर पाठ्यक्रमको परिमार्जन गर्नुपर्ने बताएका हुन् ।

शिक्षा मन्त्रालयको तथ्यांक हेर्ने हो भने पनि पृष्ठ २ मा



मेयर शाहले 'अदालतको आदेश मान्दिन' भनेपछि अधिवक्ता वर्षाकुमारी झाले सर्वोच्च अदालतमा 'अदालतको अवहेलना' सम्बन्धी रिट निवेदन दर्ता गराएकी थिइन् ।

# बालेनसँग लिखित जवाफ माग

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १२ असार ।

सर्वोच्च अदालतले काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र बालेन शाहविरुद्धको मुद्दामा लिखित जवाफ माग गरेको छ । मंगलबार न्यायाधीश तिलप्रसाद श्रेष्ठको एकल इजलासले उक्त मुद्दामा मेयर बालेनसँग लिखित जवाफ माग्ने आदेश दिएको हो ।

महानगर प्रमुख शाहले ' अदालतको आदेश मान्दिन' भन्ने अभिव्यक्ति दिएपछि अधिवक्ता वर्षाकुमारी झाले सर्वोच्च अदालतमा 'अदालतको अवहेलना' सम्बन्धी रिट निवेदन दर्ता गराएकी थिइन् । उक्त रिटमाथि सुनुवाइका लागि आइतबार र सोमबार पेसी पेसी तोकिएपनि 'हेर्न नभ्याउने'मा परेको थियो ।

बालेनले बलिउड फिल्म ' आदिपुरुष' समावेश भएको 'भारतकी बेटी' भन्ने शब्दलाई लिएर फिल्मबाट उक्त संवाद नहटाएसम्म नेपालमा उक्त र अन्य कुनै पनि हिन्दी फिल्म चल्न नदिने घोषणा गरेका थिए ।

त्यसलगत्तै हलवालाहरूको छाता संगठन चलचित्र संघले उच्च अदालत पाटनमा हालेको रिटमा अदालतले हिन्दी चलचित्रको प्रदर्शनमा रोक लगाउने निर्णय तत्काल कार्यान्वयन नगर्नु नगराउनु भन्दै अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो ।

**वैदेशिक रोजगार विशेष**

# वैदेशिक रोजगारलाई पूर्णतः प्रविधिमा आधारित बनाइन्छ– मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १२ असार

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगारलाई पूर्णतः प्रविधिमा आधारित बनाउने बताएको छ । विनियोजन विधेयकमाथि सांसदहरूले उठाएका प्रश्नहरूको जवाफ दिँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारीले उक्त जानकारी दिएका हुन् । वैदेशिक रोजगारमा जाने कामदार ठगिएको गुनासो आइरहेको भन्दै मन्त्री भण्डारीले ठगी नियन्त्रण गरी वैदेशिक रोजगारमा जाने नेपालीलाई सुरक्षित बनाउन प्रविधिको प्रयोगले विशेष भूमिका खेल्ने बताए ।

वैदेशिक रोजगार रहर नभई बाध्यता हो भन्ने विश्लेषणमा मन्त्रालय रहेको जानकारी दिँदै मन्त्री भण्डारीले सीपयुक्त जनशक्ति तयार गरी अन्तर्राष्ट्रिय रोजगार बजारलाई पहिचानयुक्त बनाई नयाँ गन्तव्यको खोजी गर्ने लक्ष्य रहेको जानकारी दिए । विदेशमा सिकेको सीप, ज्ञान र प्रविधिलाई स्वदेशको विकासमा लगाउने गरी काम गर्नुपर्छ भन्ने मान्यताका आधारमा स्वदेश फर्किएका श्रमिकलाई सबै स्थानीय तहमार्फत पुनःएकीकरण गरी समाजमा पुनःस्थापनाको कार्यक्रम अघि बढाएको समेत जानकारी दिए ।

वैदेशिक रोजगारबाट स्वदेश फर्किएकाहरूलाई स्वरोजगार र मुलुकको समष्टिगत विकासका लागि प्रयोग कसरी गर्ने भन्ने विषयमा पञ्चवर्षीय रणनीतिक योजना बनाई कार्यान्वयन गरिरहेको पनि मन्त्री भण्डारीको भनाइ छ ।

विभिन्न कारणले अलेखबद्ध भई गैरकानूनी भएर विदेशमा अलपत्र परेका नेपाली कामदार हरुलाई वैधानिक बनाई औपचारिक प्रक्रियामा ल्याउन पहल भइरहेको भन्दै मन्त्री भण्डारीले ओमान, कुवेत, साउदी अरेबिया र बहराइनमा विशेष आश्रयस्थलको व्यवस्था गरिएको जानकारी दिए ।

मन्त्री भण्डारीले नेपालको कूटनीतिक सम्बन्ध स्थापना भएको मुलुकमा रहेका रोजगारीका अवसरमा नेपाली युवायुवतीलाई जोड्न ती मुलुक खुला गर्ने योजनासहितबाट अगाडि बढेको जानकारी दिँदै रोजगारीको सम्भावना बढी भएका देशसँग श्रम सम्झौताका लागि खुला भएको समेत जानकारी दिए ।

सरकारले नयाँ गन्तव्य मुलुकका रुपमा बेलायत, साउदी अरेबिया, माल्दिभ्स, सिसेल्ससँग श्रम सम्झौताका लागि श्रम वार्ता तीव्ररुपमा अगाडि बढाएको र बेलायतसँगको श्रम सम्झौता आगामी हप्ता हुनसक्ने उनले जानकारी दिए ।

त्यसैगरी मन्त्री भण्डारीले वैदेशिक रोजगारको क्रममा स्वदेश वा विदेशमा समस्यामा पर्ने नेपालीहरुको तत्कालै समाधान खोज्न वैदेशिक रोजगार विभागका पृष्ठ २ मा

### एनआरएनएको आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन आजदेखि ओमानमा

**काठमाडौं / मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए)को आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन आजदेखि ओमानको राजधानी मस्कटमा शुरु हुँदैछ । गैरआवासीय नेपाली संघको मध्य पूर्व क्षेत्रीय परिषद्को मुख्य आयोजना र राष्ट्रिय समन्वय परिषद् ओमानको अतिथ्यतामा ओमानको मस्कटस्थित होटेल मस्कट होलिडेमा सम्मेलन हुन लागेको हो ।

'अनिवार्य सामाजिक सुरक्षा र सम्मानित वैदेशिक रोजगार रेमिट्यान्सको सही लगानी राष्ट्र निर्माणको आधार' भन्ने मुल नारासहित जुन २८ देखि ३० तारिखसम्म आठौं मध्यपूर्व क्षेत्रीय सम्मेलन आयोजना गर्न लागिएको हो ।

सम्मेलनमा नेपाल सरकारका तर्फबाट प्रमुख अतिथिको रूपमा उपप्रधानमन्त्री तथा रक्षा मन्त्री पूर्णबहादुर खड्का, विशेष अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियालगायतको उपस्थिति रहने बताइएको छ । मध्यपूर्व ठूलो संख्यामा नेपाली कामदार रहेको पृष्ठ २ मा

URGENT VACANCY

**Paradise International P. Ltd.**, is a pioneer and market leader in the field of **manpower recruiting buisness**. We are looking to extend our work scope in near future:

**1) Interview In-Charge** (Male/Female - **4 Nos**)

**Desired Qualifications/Skills**

- Age above 25 years, Minimum Higher secondary (+2) level passed
- Must have English Fluency (Speaking / Reading / Writing), work nature may require dealing with Foreigners as well.
- Good Computer knowledge, familiar with Online Interview arrangement
- Able to work independently / Quick Decision maker
- Ready to work off hour (if required so)
- Previous experience in Manpower field will be added advantage

**2) PRO (Public Relation Officer)** (Male/Female - **5 Nos**)

**Desired Qualifications/Skills**

- Age above 25 years, Minimum Higher secondary (+2) level passed
- Must have English Fluency (Speaking / Reading / Writing),
- Should have Computer Knowledge, ability to arrange Online Interview if required so.
- **Should have ability & skill to source & deal with Professionals, Skilled, Hospitality Sector workers, Security guards & Academic degree holder candidates for Qatar & UAE**
- Should have wider link & coverage with many sub agents to source required quantity of candidates within short time
- Previous experience in Manpower field will be added advantage

**Attractive Salary & Benefits.**

Please send your updated CVs **within 7 days** at:
Email: **info@paradise.com.np**

Only shortlisted ones will be called for Final Interview & selection.

PARADISE INTERNATIONAL P. LTD.
Kupandol, Lalitpur, Sarbanga Hospital Road
P: 01-5434042, 5422063, 5433435

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१३ असार २०८०, बुधबार
28 June 2023, Wednesday

# मानव अधिकार वर्ष पुस्तकका लागि अर्धवार्षिक पूर्वसमीक्षा

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, १२ असार

नेपाल मानव अधिकार हुम्लाले वर्ष पुस्तक २०२४ का लागि संकलन गरिएका घटनाको अर्धवार्षिक पूर्व समीक्षा कार्यक्रम सञ्चालन गरेको छ। मानव अधिकार हुम्लाका प्रतिनिधि नन्द सिंहले अर्धवार्षिक समीक्षा २०२४ पुस्तकमा समावेस हुने हुम्लामा भएका विभिन्न मानव अधिकार हननका घटना प्रस्तुत गरेका थिए। उनले बालबालिका तथा महिलाविरुद्ध भएका घटना, कुटपिट तथा बलत्कारका घटना समावेश गरेका छन्।

मंगलबार भएको अर्धवार्षिक समीक्षा कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेलले मानव अधिकारमा कुन घटना, कुन मुद्दा पर्छ त्यसमा ध्यान दिन जरुरी रहेको बताए। उनले देवानि मुद्दा पनि पुस्तकमा समावेश गरिएको र यो मानव अधिकारमा नपर्ने बताउँदै फौजदारी घटना र मुद्दालाई पनि अलि फरक तरिकाले हेर्दा राम्रो हुने बताए।

जिल्ला समन्वय समितिकी कार्यवाहक अध्यक्ष सरिता रावतले जिल्लामा सात वटा गाउँपालिका रहेको र हरेक गाउँपालिकामा भएका घटनलाई नियालेर समावेश गर्दा राम्रो हुने बताइन्।

सिमकोट गाउँपालिकाकी उपाध्यक्ष सुशीला रोकायाले जिल्लाका सात वटै गाउँपालिकाले खोजबिन गरे घटनाको संख्या अझै बढ्न सक्ने बताइन्। उनले जिल्लामा भएका घटना पुस्तकमा समावेश गरेर न्यूनीकरणा हुने भए पुस्तकमा राख्न मिल्ने बताउँदै पुस्तकमा समावेश गर्दा घटना झन बढ्न सक्नेतर्फ पनि ध्यान दिन सुझाव दिइन्।

जिल्ला प्रहरी कार्यलय हुम्लाका प्रहरी नयव उपरीक्षक भिमलाल भट्टराईले जिल्लामा भएका घटनाको वास्तविकता र घटनाको क्रम छुट्याएर पुस्तकमा समावेश गर्न सुझाव दिए। कुन घटना मानव अधिकारमा पर्छ, कुन तरिकाले न्यूनीकरणा गर्दा घटना कम हुन्छ, पीडितले कसरी न्याय पाउँछ भन्नेतर्फ पनि ध्यान दिनुपर्ने उनले बताए।

पत्रकार महासंघ हुम्लाका अध्यक्ष राजन रावतले प्रहरीको सूचनाको आधारमा हुम्लामा ६ महिनामा ११ वटा घटना भएको समावेश गरिएको भएपनि जिल्लामा अझै बढी घटान बाहिर नआएर दबिएका हुन सक्ने हुँदा यस विषयमा गम्भीर हुन मानव अधिकार प्रतिनिधि तथा प्रहरीलाई सुझव दिए।

# युवा महिला उद्यमशील प्रोत्साहन घुम्ती कोषमा सहयोग गर्न आह्वान

**काठमाडौं/मस–** काभ्रेपलाञ्चोकको मण्डनदेउपुर नगरपालिका वडा नं १० मा रहेको चण्डेनी मण्डन साना किसान कृषि सहकारी संस्था लि.ले 'युवा महिला उद्यमशील प्रोत्साहन घुम्ती कोष' शुरु गरेको छ।

कोषले बिउ पुँजीको अभावमा आफ्नो जन्म घर, परिवार, मातृभूमि छाडेर रोजगारीकै लागि विदेशी मुलुकमा जानुपर्ने बाध्यतालाई न्यूनीकरण गर्ने उद्देश्यले शून्य प्रतिशतमा 'युवा महिला उद्यमशील प्रोत्साहन कर्जा' उपलब्ध गराउने छ।

जसका लागि संस्थाले कोषमा आर्थिक सहयोग गर्न सबैलाई आह्वान गरेको छ। घुम्ती कोषमा देश विदेशमा रहने सबैले आफ्नो विगतको संघर्षका दिन सम्झेर सहयोग गर्न सक्ने संस्थाले जनाएको छ। कोषमा १० हजार रुपैयाँ वा सोभन्दा बढी सहयोग गर्नेलाई संस्थाको साधारणसभामा कदरपत्रसहित सम्मान गरिने संस्थाले बताएको छ।

युवा महिला उद्यमशील प्रोत्साहन कर्जाबाट प्राप्त रकमबाट युवा महिलाले गाई, भैंसी, कुखुरा, बंगुर पालन, खाद्यान्न, तरकारी खेती वा अन्य कुनै उद्यम अनिवार्य गर्नुपर्ने संस्थाले जनाएको छ। घुम्ती कोषबाट ऋण लिँदा कुनै शुल्क नलाग्ने र कार्यविधि अनुसार युवा महिलाको छनोट गरी लाभग्राहीहरु प्रत्येक महिना सार्वजनिक गरिने संस्थाले बताएको छ।

मण्डनदेउपुर-७, कुन्ताबेशीका नेपाल हेभि-इक्युप्मेन्ट व्यवसायी संघ, काभ्रेका उपाध्यक्ष एवम् प्रभु निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि.का प्रबन्ध निर्देशक प्रभुराम श्रेष्ठले ५० हजार ५ रुपैयाँ सहयोग गरेको संस्थाले जनाएको छ।

युवा महिला उद्यमशील प्रोत्साहन घुम्ती कोषमा सहयोग गर्न संस्थाको ग्लोबल आइएमई बैक लि. कुन्ताबेसीं, काभ्रेमा रहको चण्डेनी मण्डन साना किसान कृषि सहकारी संस्था लि. खाता नं २२००१०१००००६९९ तथा संस्थाको इसेवा नं ९८४९१८८२०७ मा सहयोग गर्न सकिने संस्थाले बताएको छ।

## अपरिपक्व...

प्रहरीले ललिता निवास जग्गा अनियमितताका घटनामा चारवटा अनुसन्धान प्रतिवेदन तयार पारी २०७८ मंसिरमा सरकारी वकिलको कार्यालयमा प्रतिवेदन बुझाएको थियो। त्यतिबेला सरकारी वकिलको कार्यालयले पर्याप्त अनुसन्धान नगरेको र हचुवाको भरमा प्रतिवेदन पेश गरेको भनी निर्देशन सहित फाइल फिर्ता पठाएको थियो।

ललिता निवास जग्गा अनियमितता प्रकरणमा पूर्वमन्त्रीहरु विजयकुमार गच्छदारदेखि डम्बरबहादुर श्रेष्ठ र चन्द्रदेव जोशीमाथि पनि भ्रष्टाचारको आरोपमा मुद्दा चलेको छ। अख्तियारका पूर्वप्रमुख दीप बस्न्यातदेखि अरु दुई पूर्वसचिवहरु छविराज पन्त र दिनेशहरि अधिकारी मुछिएका छन्।

## पछि...

प्रमुख सचेतक रमेश लेखकले जिल्ला निर्वाचन कार्यालय खारेज नहुने बताएका थिए।

दोस्रो बैठकमा अर्थमन्त्री महतले प्रतिवद्धता जनाएपछि सदन सहज रुपमा चल्यो। 'निर्वाचन कार्यालय जसरी रहेका थिए, त्यसरी नै रहन्छन्। अझ सबल गर्न सरकार तयार छ', आफूहरु निर्वाचन आयोगको स्वतन्त्र अस्तित्वको पक्षपाती रहेको भन्दै अर्थमन्त्री डा. महतले भने, 'जिल्ला निर्वाचन आयोग जसरी निर्वाचन आयोगले राख्न चाहन्छ, त्यसरी राख्न सक्छ। सीडीओ अन्तर्गत राख्छ कि भन्नेमा शंका गर्नुपर्दैन।'

आफ्नो जिल्ला कार्यालयहरु यथावत् रहने निर्णयलाई आयोगले शंकाको लाभको रुपमा बुझेको छ। जिल्ला निर्वाचन कार्यालयलाई सीडीओ कार्यालयमा गाभ्ने निर्णय शक्ति पृथकीकरणको सिद्धान्त एवम् संविधान र कानून प्रतिकूल हुने निर्वाचन आयोगको निष्कर्ष थियो। जेठ २६ मा निर्वाचन आयोगका पदाधिकारीहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र मन्त्रीहरुलाई भेटेका थिए भने सर्वदलीय बैठकमा जिल्ला निर्वाचन कार्यालयहरु पूर्ववत् रुपमा राख्नुपर्नेमा सबै दल सहमत देखिएका थिए।

अर्थमन्त्री महतले बजेटमा निर्वाचन कार्यालयहरू खारेजी गरेर जिल्ला प्रशासन कार्यालयमा राख्ने विषय राखेकोमा त्यसलाई सम्बन्धित सरोकारवालाहरूसँग छलफल गरेपछि फिर्ता लिने निर्णय भएको जानकारी दिए। निर्वाचन आयोगको नेतृत्वले प्रधानमन्त्री पुष्पकमल दाहालसँग छलफल गरेको र राजनीतिक दलका प्रतिनिधि गएर पनि जिल्ला निर्वाचन कार्यालय खारेज गर्ने निर्णय फिर्ता हुने जानकारी गराइएको मन्त्री महतले उल्लेख गरे।

सरकार र नेपाली कांग्रेस लोकतन्त्रप्रति प्रतिबद्ध रहेको र त्यसको आधारभूत संरचनामा निष्पक्ष र स्वतन्त्र निर्वाचन हुनुपर्ने भन्दै मन्त्री महतले त्यसका लागि कुनै सम्झौता नगर्ने बताए। सरकारले निर्वाचन आयोगलाई कुनै पनि खालको हस्तक्षेप र व्यवधान नगर्ने प्रतिबद्धता उनको थियो।

अर्थमन्त्री डा. महतले आर्थिक मितव्ययीताका लाागि कतिपय कार्यालयका सम्बन्धमा निष्कर्षमा पुग्नुपरेको भए पनि जिल्ला निर्वाचन कार्यालय 'खारेजी' भन्ने शब्दावली बजेट वक्तव्यमा पर्न गएको पनि बताए। निर्वाचन आयोगको स्वतन्त्र अस्तित्वको पक्षमा आफूहरु अडिग रहेकाले यसमा कुनै शंका उत्पन्न हुन नदिन सरकारको सम्पूर्ण कोसिस रहने समेत प्रतिबद्धता व्यक्त गरे। उनले आगामी आर्थिक वर्षको बजेटमा विभिन्न कार्यालयको पुनरावलोकन गर्ने क्रममा जिल्ला निर्वाचन कार्यालयको सन्दर्भ उल्लेख गरिएको दाबी गरे।

जिल्ला निर्वाचन कार्यालयहरु यथावत राख्ने प्रतिवद्धतापछि कटौती भएको बजेट प्रक्रियागत रुपमा सरकारले मिलाउने अपेक्षा रहेको आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले बताए।

'निर्वाचन आयोगका जिल्लास्थित कार्यालय उस्तै रुपमा सञ्चालन हुने सरकारले गरेको निर्णय स्वागतयोग्य छ', उनले भने, 'बजेट यही रुपमा पारित भए जिल्लाका कार्यालयका लागि नछुट्टिएको बजेट कसरी मिलाउने भन्ने छ। अर्थमन्त्री बोल्नुभएको छ, मिल्ने अपेक्षा गरेका छौं।'

## खस्किँदै ...

शिक्षा, मानविकी, मेडिकल र इन्जिनियरिङ्ग लगायतका सबै संकायमा विद्यार्थीको संख्या घट्दो छ। स्वविवु निर्वाचनको मतदाता नामावलीअनुसार २३ आंगिक क्याम्पसमा एक हजारभन्दा थोरै विद्यार्थी रहेका छन्। त्यस्तै, विद्यार्थीको धेरै चाप हुने उपत्यकाका त्रिचन्द्र, शंकरदेव, नेपाल कमर्स, पाटन, सरस्वती, पब्लिक युथ लगायत आंगिक क्याम्पसले यसै वर्षपनि विद्यार्थी कम भएर पुन आवेदनको माग गरेका थिए। त्यस्तै, पोखराको पृथ्वीनारायणमा १० हजार ८ सय र वीरगन्जको ठाकुरराम बहुमुखी क्याम्पसमा १० हजार २ सय विद्यार्थी रहेका छन्। जबकी यी क्याम्पसमा केही वर्षअघिसम्म पनि २० हजार विद्यार्थी अध्ययन गर्ने गर्दथे। अझ पोखरा विश्वविद्यालयमा छात्रवृत्ति सिटमै विद्यार्थी नपुगेपछि पुन विज्ञापन गर्नुपरेको थियो।

'विश्वविद्यालयको पुनः संरचनाको विषय पुराना पाठ्यक्रमहरू समयसापेक्ष परिमार्जन गर्ने विषय, विश्वविद्यालयको अध्ययन, अनुसन्धानलाई प्रविधिमैत्री बनाउने विषय र ठुलो सङ्ख्यामा उच्च शिक्षाका लागि विदेशीने क्रमलाई देशमै अवसर प्रदान गरी रोक्नुपर्ने विषयलाई सरकारले प्राथमिकतामा राखेको छ,' मन्त्री राईले भने। तर, आर्थिक वर्ष २०७८/७९ मा एक लाख १४ हजारले एनओसी लिएका छन्। भारतलगायत ५९ मुलुकमा पढ्न जानका निम्ति एनओसी लिने विद्यार्थीको संख्या दिनहुँ उच्च बनेको हो।

हाल देशभर ११ केन्द्रीय विश्वविद्यालय, प्रादेशिक विश्वविद्यालय र मानित विश्वविद्यालय सहित २२ वटा विश्वविद्यालय रहेका छन्। तर, शैक्षिक क्षेत्रमा खँस्कदो गुणस्तर र अवशरको कमीका कारण बाहिरिने विद्यार्थीको संख्या लाखौं पुगिसकेको छ। तरपनि, विश्वविद्यालयका पदाधिकारीहरु विश्वविद्यालयको शैक्षिक अवस्था सुधार गरेर जाने प्रतिबद्धता दोहोर्‍याउन छाँड्दैनन्।

## वैदेशिक...

महानिर्देशकको संयोजकत्वमा तीव्र उद्धार कार्यदल र विभागमा प्रहरीको कमान्डमा मार्शलसमेत गठन गरी काम गरिरहेको पनि जानकारी दिए।

## एनआरएनएको...

क्षेत्र हो। विदेशस्थित नेपाली नियोगमार्फत विदेशमा श्रम स्वीकृति एवम् अनुगमनको व्यवस्था, श्रम स्वीकृति कार्यान्वयन, श्रम सीप बैंकको स्थापना, कामदार र सरकारी निकायबीच समन्वय, वैदेशिक रोजगारीमा गएकाको लागि सञ्चयकोषको व्यवस्था गर्न नेपाल सरकारको ध्यानाकर्षण गराउने यस सम्मेलनको तयारी छ।

सम्मेलनमा कामदारसहित गैर आवासीय नेपालीको मतदानको अधिकार, नेपाली कामदारले राष्ट्रिय अर्थतन्त्रमा दिएको योगदान, वैदेशिक रोजगारीको सामाजिक र पारिवारिक प्रभाव, सुरक्षित आप्रवासन, नीति तथा कार्यान्वयन, श्रमिक र उनीहरुको परिवारको मानसिक तथा शारीरिक स्वास्थ्य, सीपमूलक तालिम, फर्केर आएका युवायुवतीका लागि उद्यममा लाग्न प्रोत्साहनलगायतका विषयमा छलफल हुने बताइएको छ। सम्मेलनमा मध्यपूर्वसहित विभिन्न मुलुकका करिब पाँच सय जना प्रतिनिधिको सहभागिता रहने अनुमान छ।

### हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७१/०५/०२ मा दर्ता भएको **दर्ता नं. १२९** को **किरौँत तोमिहँ चारघरे सुवाँखिम समाज** को मिति २०८०/०२/१५ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको हकदावी सम्बन्धी सूचना

यस कार्यालयमा मिति २०७५/०४/११ मा दर्ता भएको **प्रा.लि. नं. १९४२६१** को **रियल वर्ल्ड विर्तामोड कन्सल्टेन्सी प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ।

### UAE मा वैदेशिक रोजगार |

कम्पनीः HATTA WEB DESIGN EST.
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०३/१२ | चलानी नं.: ६०२०३९४५ | LT. No.:288664

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Accountant Cleark | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1700 | ६०,६२२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Commercial Sales Representative | 0 | 4 | | 1800 | ६४,१८८ | | | | | | | |
| 3. | Data Entry Clerk | 4 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 4. | Information Clerk | 8 | 0 | | 1500 | ५३,४९० | | | | | | | |
| 5. | Marketing Manager | 2 | 0 | | 2500 | ८९,१५० | | | | | | | |
| 6. | Sales Supervisor | 2 | 0 | | 1900 | ६७,७५४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २० गते (5 July 2023) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**Tiger Overseas Employment Services Pvt. Ltd.**
Govt Lic. No: 335/059/060
Kathmandu-4, Prakash Marg, Dhumbarahi, 01-4518997
Email : info@tigeroverseas.com.np, Website: www.tigeroverseas.com.np

### FRONTLINE RECRUITMENT PVT. LTD. विरूद्ध वैदेशिक रोजगार विभागमा उजुर गर्नेहरूकालागि जारी गरीएको

### १५ दिने सूचना

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (सचिवस्तर) को मिति २०७५/११/०१ गतेको निर्णय बमोजिम स्वीकृत उजुरी फछ्र्यौट कार्ययोजना अनुरुप गठित उपसमितिको मिति २०८०/०१/२० गतेको निर्णयानुसार वैदेशिक रोजगारको लागि इजाजत प्राप्त संस्थाहरु उपर परेको हालसम्मको उजुरीको छानविन तथा फछ्र्यौट गर्ने सन्दर्भमा वैदेशिक रोजगार विभागको अभिलेख एवं सूचना प्रणलीमा दर्ता भएको यस प्रा.लि. विरुद्धका उजुरीहरु वैदेशिक रोजगार विभागद्वारा मिति २०८०/०३/१३ गते मध्यान्ह दैनिकमा सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र छानविन तथा फछ्र्यौट गरी सो को प्रगती विवरण उक्त विभागमा पेश गनु पर्ने भएकोले उक्त अबधिभित्र तपसिलका उजुरीकर्ताहरुसँग सम्पर्क हुन नसकेको हुनाले उजुरी फछ्र्यौट गर्ने सिलसिलामा तपसिलका उजुरीकर्ताहरुलाई जानकारीको लागि यो १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ। उक्त अबधिभित्र उजुरी फछ्र्यौटका लागि यस प्रा.लि.मा सम्पर्क राख्नुहुन र सम्पर्कमा नआउनु हुने खण्डमा नियमानुसार हुने जानकारी गराइन्छ।

**तपसिल**

| सि. नं. | उजुरवालाको नामथर | पिडितको नाम र वतन | उजुरीको कम्प्युटर दर्ता नं. | उजुरीको विषय | उजुरी मिति | रोजगारदाता देश | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | देबनन्द राजबन्शी | देबनन्द राजबन्शी | २५९९ | दोषीलाई कारबाही गरी रकम र क्षतिपुर्ति | 10/1/2018 | युएई | |
| २. | महेश घिमिरेः योगेश थापाः | महेश घिमिरेः विदेश नपठाएको, योगेश थापाः विदेश नपठाएको | ४५७४ | क्षतिपुर्ति, राहदानी र रकम फिर्ता | 12/24/2019 | माल्टा | |
| ३. | लोक बहादुर शाही | लोक बहादुर शाही पैसा लिएर विदेश नपठाएको | ४७६६ | रकम र क्षतिपुर्ति | 3/29/2020 | माल्टा | |
| ४. | बाल कृष्ण निरौला | बाल कृष्ण निरौला | ६७२४ | उद्धार | 11/13/2022 | ओमन | |

### कोहलपुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, बाँके।
राष्ट्रिय दैनिक पत्रिकामा विज्ञापन एवं सूचना प्रकाशन गर्ने सम्बन्धी

### सिलबन्दी दरभाउपत्र आव्हान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०।३।१३**

यस नगरपालिकाले आर्थिक वर्ष २०८०/०८१ को असार मसान्त सम्म र सो पश्चात कार्यपालिकाको निर्णयानुसार एक वर्षको म्याद थप हुने गरी नेपाल सरकारबाट मान्यता प्राप्त टेण्डर सूचना प्रकाशन गर्न मिल्ने राष्ट्रिय दैनिक पत्रिकामा प्रतिश्पर्धा मार्फत सबै भन्दा बढी छुट कबुल गर्ने फर्म/विज्ञापन एजेन्सीबाट सुचना प्रकाशन कार्य गर्नु पर्ने भएकाले सो सम्बन्धी कार्य गर्न ईजाजत प्राप्त ईच्छुक विज्ञापन एजेन्सी वा फर्महरुबाट सिलबन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सूचना प्रकाशन गरिएको छ। यस विषयमा बिस्तृत जानकारी यस कार्यालयको वेवसाइट www.kohalpurmum.gov.np मार्फत लिन सकिने छ। दरभाउपत्र पेश गर्दा जमानत बैंक जमानत रकम रु ६०००० र मान्य अवधि ७५ दिनको वा यस नगरपालिकाको धरौटी खातामा नगद जम्मा गरेको हुनुपर्नेछ। दरभाउपत्र फारम (BOQ) सूचना प्रकाशित मितिले १५ दिनभित्र नगरपालिकाको खरिद ईकाईबाट पछि फिर्ता नहुनेगरी रु १००० तिरेर खरिद गर्न सकिने र १६ औं दिन दिनको १२ बजे भित्र दर्ता गरिसक्नु पर्नेछ। सो सम्बन्धी थप बुझ्नु परेमा नगरपालिकाको खरिद ईकाईमा सम्पर्क गर्न सकिनेछ।

### *कोहलपुर नगरपालिका*
### *नगर कार्यपालिकाको कार्यालय*
*कोहलपुर, बाँके*
*लुम्बिनी प्रदेश, नेपाल*

### *लामोदुरीको बसपार्क भित्र रहेको चार तले टर्मिनल भवन (भुँईतला सहित) बहालमा दिने सम्बन्धी सूचना*

***पाँचौ पटक सूचना प्रकाशित मिति : २०८०।०३।१३***

यस कोहलपुर नगरपालिकाको लामोदूरीको बसपार्क सञ्चालन गर्ने कार्यका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ बमोजिम हुने गरि उक्त बसपार्क भित्र रहेको टर्मिनल भवन (Shoping mall) (भुँईतला सहित चारतले भवन) सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजिनक खरिद नियमावली २०६४ र कोहलपुर बसपार्क व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम प्रतिस्पर्धात्मक रुपमा आय ठेक्काको बोलपत्र पेश गर्ने सम्बन्धी सूचना।

**तपशिल**

| क्र.सं. | भवनको तला | एकमुष्ठ प्रतिवर्ष न्यूनतम मूल्य | धरौटी राख्नुपर्ने रकम | कैफियत |
|---|---|---|---|---|
| १. | टर्मिनल भवन (Shoping mall) | रु ८७,३३,००० | १०,००,०००। | दरभाउ पत्र खरिद रु ३०००। फिर्ता नहुने गरी |

- उल्लेखित टर्मिनल भवन खुला प्रतिस्पर्धात्मक रुपमा एकमुष्ठ सिङ्गो भवन फर्म वा व्यवसायले मात्र प्रस्ताव पेश गर्न पाउने। यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यक्ति वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने।
- उल्लेखित टर्मिनल भवन (Shoping mall) (भुँईतला सहित चारतले भवन) खुला प्रतिस्पर्धात्मक रुपमा फर्म वा व्यवसायले प्रस्ताव पेश गर्न पाउने। यसरी प्रस्ताव पेश गर्नेले अर्को व्यवसाय वा फर्मलाई कुनै पनि तरिकाले भाडामा लगाउन नपाउने।
- बोलपत्र अनलाईन प्रक्रिया (E–bidding) बाट मात्र पेश गर्न सकिने र सो सम्बन्धी विस्तृत जानकारी कोहलपुर नगरपालिकाको वेवसाईट www.kohalpurmun.gov.np वा www.bolpatra.gov.np बाट लिन सकिनेछ।
- धरौटी रकम यस कार्यालयको कृषि बिकास बैंक कोहलपुर शाखामा रहेको धरौटी खाता नं ०७२०५०१०००२३५२१७ मा नगदै जम्मा वा कम्तिमा १२० दिन समयावधिको मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको बैंक जमानत सक्कलै पेश गर्नुपर्ने छ।
- बोलपत्र खरिद रकम कोहलपुर नगरपालिकाको आन्तरिक राजश्व खाता नं ०७२०५०१०००२३५३६५ मा दाखिला गरि सक्कलै भौचर बुझाउनु पर्नेछ।
- बोलपत्र खरिद तथा पेश गर्ने मिति र समयः २०८०।०३।२८ दिउसो १२:०० बजे सम्म।
- बोलपत्र खोलिने मिति र समयः २०८०।०३।२८ गते दिउसो १:०० बजे।
- पेशगर्नुपर्ने कागजातहरुः फर्म वा व्यवसायका कागजातहरु (करचुक्ता, व्यवसाय दर्तानविकरण समेत)
- सूचनामा उल्लेख नभएका शर्तहरु प्रचिलित कानून तथा कोहलपुर नगरपालिकाको निर्णय अनुसार हुनेछन।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७४/११/२२ मा दर्ता भएको **प्रा.लि. नं. १८७१२४** को **एडन एजुकेशन फाउन्डेशन प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/१२ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०३/१३**

**नेशनल इङ्गलिस बोर्डिङ्ग स्कुल ललितपुर प्रा.लि.** को मिति २०७९/११/२८ गते मा सम्पन्न विशेष बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **लाइफ प्रिप्रेटरी एकेडेमी प्रा.लि. (प्रा.लि. नं.: २२५१०)** कायम गर्ने गरी मिति २०७९/१२/१४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

# नागरिकताले दिएको खुसी



**बिनोद निगम/मध्यान्ह**
नवलपरासी, १२ असार

पश्चिम नवलपरासीमा आइतबार र सोमबार गरी दुई दिनमा ८४ जना जन्मसिद्ध नागरिकका सन्तानलाई नागरिकताले खुसी दिएको छ। जिल्ला प्रशासन कार्यालय नवलपरासीबाट आइतबार १० जना र सोमबार ७४ जना गरी ८४ जना जन्मसिद्ध नागरिकका सन्तानहरुले वंशजको आधारमा नागरिकता पाएका छन् । नागरिकता पीडित संघर्ष समिति नवलपरासीका संयोजक राकेश ठाकुरले नागरिकता पाएसँगै आफ्नो आधा उद्देश्य पूरा भएको बताएका छन्। नागरिकता पाउनु नै अहिलेको ठूलो चुनौती रहेको बताउँदै उनले नागरिकता पाएसँगै अब आफ्नो अध्ययनलाई पूरा गर्ने बताए ।

त्यस्तै पाल्हीनन्दन गाउँपालिका वडा नं २ बस्ने पशुपति गुप्ता, रामपत गुप्ता र रम्भु गुप्ताले नागरीकता पाएपछि आफ्नो खुसीको कुनै सीमा नै नरहेको बताएका छन्। 'आज अनागरिकबाट नागरिक भइयो, यसभन्दा खुसीको कुरा के हुन सक्छ र । आज मेरो उमेर २५ वर्ष भयो । नागरिकता नभएकाले मैले आफ्नो व्यवसाय शुरु गर्न सकेको थिइनँ, भाइहरुले रोजगार प्राप्त गर्न सकेका थिएनन्। तर अब म आफ्नो व्यवसाय शुरु गर्छु र भाइहरुले पनि रोजगारी गर्नेछन्,' गुप्ताले भने ।

जिल्ला प्रशासन कार्यालयमा अहिले जन्मको आधारमा नागरिकता पाएका अभिभावकका सन्तानहरू नागरिकता बनाउन आउन थालेसँगै भीडभाड बढेको छ । पश्चिम नवलपरासी जिल्लामा जन्मका आधारमा नागरिकता पाएका अभिभावकको संख्या ८ हजार १ सय ३० रहेको छ । उक्त संख्याका आधारमा अब २० हजार बढी नागरिकता बनाउन आउन सक्ने प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालले बताए। नागरिकता बनाउने कार्यलाई थप सुविधा उपलब्ध गराउन अनलाइन टोकन प्रणाली, थप कर्मचारीको व्यवस्थापनलगायतको सुविधा उपलब्ध गराइएको उनले बताए । २०७२ सालमा संविधान जारी भएपछि पटक-पटक प्रयास भएपनि नागरिकतासम्बन्धी समस्या सुल्झिएको थिएन । २०७८ जेठमा दोस्रो पटक प्रतिनिधिसभा विघटन भएपछि सरकारले नागरिकता अध्यादेश ल्यायो । तर सर्वोच्च अदालतले अध्यादेश कार्यान्वयनमा रोक लगायो । २०७९ साउनमा संघीय संसदले दुई पटक नागरिकता विधेयक पास गऱ्यो। तर तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरिनन् । तर १७ जेठ २०८० मा राष्ट्रपति रामचन्द्र पौडेलले नागरिकता विधेयक प्रमाणीकरण गरे । हाल अदालतको फैसलपछि कार्यान्वयन गरी ७७ जिल्लामा नागरिकता ऐन कार्यान्वयन गरी नागरिकता वितरण कार्य जारी रहेको छ ।

# कतारमा रहेका एनआरएनमा देखिए असहमतिका छिटा

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, १२ असार

दशौं महाधिवेशनपछि विभाजित रहेका गैर आवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषद्, प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को रोहबरमा एकता गर्ने सहमति भएको मसी सुक्न नपाउँदै कतारमा असहमतिको छिटा देखिएको छ । कतारमा वैधानिक मानिएको मोहमद मुक्तदा मुसलमानले नेतृत्व गरेको एनसीसीले केन्द्रीय सहमति तथा अनुरोधात्मक इमेलअनुरूप बन्द भएको परिषद् सदस्यता तीन दिनका लागि खुला गरेसँगै असहमतिको छिटा देखिएको हो ।

केन्द्रीय सहमतिअनुसार दुवै पक्ष बसेर परिषद् सदस्यता आह्वान गर्नुपर्नेमा एकपक्षीयरूपमा सदस्यता आह्वान गरेको भन्दै शेष घले समूहको कतारमा रहेको एनसीसीले केन्द्रीय कार्यालय बालुवाटारलाई पत्र लेख्दै ध्यानाकर्षण गराएको छ । संघका अध्यक्ष सुरेश भट्ट र महासचिव ध्रुवराज अधिकारीद्वारा हस्ताक्षरित ध्यानाकर्षण पत्रमा मुक्तदाले नेतृत्व गरेको एनसीसीले केन्द्रद्वारा प्रेषित इमेलको निर्देशन विपरीत एकलौटीरूपमा नोकरशाही प्रवृत्ति देखाएको आरोप लगाएको छ।

जारी पत्रमा एकता हुनको निमित्त आफूइतरका व्यक्तिहरूको अस्तित्वलाई स्वीकार गर्नुपर्ने पहिलो अन्तर्राष्ट्रिय मापदण्ड विपरीत विपक्षी राष्ट्रिय समन्वय परिषद्ले २५ जुन २०२३ मा आफूहरूसँग आपसी संवाद र सहमति नगरी नै बन्द गरिएको सदस्यता आवेदन खुला गर्दै एकताको भावना विपरीत एकतर्फीरूपमा पुनः सदस्यताको निम्ति सूचनामार्फत आह्वान गर्नुले एकताको औचित्य माथि नै प्रश्न चिह्न खडा भएको जनाइएको छ ।

उक्त आरोपका बारेमा मोहमद मुक्तदाले मध्यान्हसँग कुरा गर्दै एनआरएनए आइसीसीले प्रेषित गरेको इमेलबमोजिम थप तीन दिनका लागि पञ्जीकृत सदस्यता आह्वान गरिएको बताए । उनले आफूलाई कसैको ध्यानाकर्षण पत्रको बारेमा जानकारी नभएको बताउँदै केन्द्रको अनुरोधलाई कतारका नेपालीसमक्ष राखेको र आफूले कहीँ कतै एकपक्षीय कार्य नगरेको बताउँदै छुटेका सबै इच्छुक नेपालीहरूलाई एनसीसी कतारको पञ्जीकृत सदस्यता भर्न आग्रहसमेत गरे । तीन दिनका लागि खोलिएको पञ्जीकृत सदस्यताको समय सीमा बुधबार राति १२ बजे सकिँदै छ ।

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

**माईन्ड म्यानेजमेन्ट कार्यशाला**
**सफलता, शान्ति र आनन्दको लागि**

मानसिक क्षमता वृद्धि, आत्म विकास, सकारात्मक सोच, नेतृत्व क्षमता विकास, अध्यात्मिक ज्ञान तथा लाभ र सुखी जीवनको लागि हुन गइरहेको यस कार्यक्रममा स्वागत छ ।



"सफल हुने बहाना बनाउँदैन
बहाना बनाउनेले सफल हुँदैन"
आचार्य श्री स्वामी ध्रुव

शुल्क रु ६,००० /-

आयोजक: सृष्टी साधना केन्द्र, सानेपा
सम्पर्क: ९८४३४७४३९७

**दि हिमालयन एच.आर. प्रा. लि.**
सिनामंगल, काठमाडौं, फोन नं. :०१-४४९७७१३
(श्रम ईजाजत नं.: १२३२/०७४/०७५)

**उजुरी फछ्र्यौट गर्ने सम्बन्धी ७ दिने सूचना !**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय (सचिव स्तर) को मिति २०७५/११/०१ गतेको निर्णय बमोजिम स्विकृत उजुरी फछ्र्यौट कार्ययोजना अनुरुप गठित उपसमितिको २०७५/११/०३ गतेको निर्णयानुसार बैदेशिक रोजगारको लागि ईजाजत प्राप्त संस्थाहरु उपर परेको हाल सम्मको उजुरीको छानबिन तथा फछ्र्यौट गर्ने सन्दर्भमा बैदेशिक रोजगार विभागको अभिलेख एवं सूचना प्रणालीमा दर्ता भएको यस प्रा. लि. का विरुद्ध विभिन्न मितिमा फरक-फरक माग दावी गरी दिनु भएकोमा उजुरी फछ्र्यौट गर्नका लागि यस प्रा. लि. बाट पटक-पटक सम्पर्क गर्न खोज्दा पनि हालसम्म सम्पर्कमा नआउनुभएकाले तपशिलका उजुरीकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस प्रा. लि. अथवा बैदेशिक रोजगार विभाग, अनुसन्धान तथा मुद्धा शाखा, बुद्धनगर, काठमाडौंमा सम्पर्क गर्नुहोला । अन्यथा कानुन बमोजिम भइजाने व्यहोरा सम्बन्धीत सबैमा जानकारी गराईन्छ ।

तपशिल

| सि. नं. | उजुरीवालाको नाम, थर | उजुरीवालाको ठेगाना | उजुरीको कम्प्युटर दर्ता नं. | उजुरीमा विगो दाबी भएको/नभएको | उजुरी मिति | रोजगारदाता देश |
|---|---|---|---|---|---|---|
| १. | रमेश कुमार यादव | काठमाण्डौ | २००३ | दोशीलाई कारवाही गरी रकम र क्षतिपुर्ति फिर्ता | २०७५/३/१० | कतार |
| २. | शिव नाथ यादव र खोम राज राय | काठमाण्डौ | २०१९ | दोशीलाई कारवाही गरी रकम र क्षतिपुर्ति फिर्ता | २०७५/३/१६ | कतार |
| ३. | बिक्रम यादव | काठमाण्डौ | २०५७ | दोशीलाई कारवाही गरी रकम र क्षतिपुर्ति फिर्ता | २०७५/३/२० | कतार |
| ४. | लाल कुमार अर्याल | काठमाण्डौ | २१२६ | दोशीलाई कारवाही गरी रकम र क्षतिपुर्ति फिर्ता | २०७५/४/३ | यु.ए.ई |
| ५. | सागर पौडेल | काठमाण्डौ | ४१३८ | रकम र क्षतिपुर्ति | २०७६/४/१५ | पोल्यान्ड |
| ६. | सौकेश बसेल बिदेश नापाथेको | काठमाण्डौ | ४३४५ | क्षतिपुर्ति | २०७५/११/२७ | पोल्यान्ड |
| ७. | रिता तामाङ, बिदेश नापाथेको | काठमाण्डौ | ४३६० | रकम र क्षतिपुर्ति | २०७६/२/१९ | पोल्यान्ड |
| ८. | अन्जु बोगटी, सुनिता नेपाली र विश्वकला राई | काठमाण्डौ | ५२७४ | राहदानी र रकम फिर्ता | २०७८/५/२४ | टर्की |

**साउदीमा बैदेशिक रोजगारको अवसर**

कम्पनी :Madhaq Hatab Food Services Restaurant — शहर: Saudi Arabia, Riyadh
पूर्व स्वीकृती मिति : २०८०/०३/१० — चलानी नं.६०२०३९१२ — LT No. 288318

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Kitchen Labour | 5 | काममा दक्ष | 1200 | ४२,००० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | कम्पनीले | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैंले | रु ७००/- कामदार आफैंले | रु १५००/- कामदार आफैंले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यलय काठमाडौंमा २०८० असार २० गते (5 July, 2023) मा हुनेछ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सुचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग, ताहाचलमा सम्पर्क राख्नुहोला ।

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No.:01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np
Lic. No. 695/063/064

**मलेसियामा रोजगार**

१. कम्पनी : HAMSHI FORCE SDN BHD — शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८०/०३/१२ — चलानी नं.:६०२०३९०९ — L.T. No.:288634

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी : ELISA FORCE SDN BHD — शहर : KUALA LUMPUR
पूर्व स्वीकृत मिति: २०८०/०३/१२ — चलानी नं.:६०२०३९०८ — L.T. No.:288635

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असार २० गते (5 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोर्ने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्ने विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

UNIVERSAL H.R. SOLUTION PVT. LTD.
Universal Human Resources
Govt. Lic. No. 1209/073/074
Baneshwor, Milan Chowk 31, Kathmandu, Tel.: 01- 4493365, 4493465
Email: info@universalhrsolution.com, URL:www.universalhrsolution.com

**कुबेतमा रोजगार**
RAHMANIYA INT. CATERING CO. W.L.L., KUWAIT
पूर्व स्विकृति मिति: २०८०।०३।१२ — चलानी नं. ६०२०३९४१ — LT No. 288327

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | N. Rs. | ओभर टाईम सुविधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Indoor Cleaner | 80 | 20 | काममा दक्ष | 85 | 36323 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | निःशुल्क | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफैंले | रु.१५०० कामदार आफैंले |

अन्तरवार्ता: मेनपावर कार्यालय, काठमाडौंमा: २०८० असार २० र २१ गते (5 & 6 July 2023) हुनेछ।

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्च: ० श्रम इजाजत पत्र नं. ४५४/०६०/०६१

सिद्धार्थ गौतम ओभरसिज सर्भिसेज प्रा. लि.
महाराजगञ्ज, आकृति मार्ग, काठमाडौं, फोन नं.: ४०१६२४९, ४०१६२५०

**SAUDI मा रोजगार**
कम्पनी: Abdullah Yasser Abdullah alrashoudi Food Serving Restaurants — शहर: KSA
पूर्व स्वीकृत मिति: २०७९/१२/२७ — चलानी नं.: ६०१९९८०० — LT. No.: 284372 — पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 6 | 0 | स. काममा दक्ष | 1000 | ३४,९२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा मिति २०८० असार २० गते (5 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्योहोर्ने | रोजगार दाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

Alliance Human Resources Pvt. Ltd.
Govt. Licence: 690/063/064
Sinamangal-9, Kathmandu, Nepal | Tel: 01-4487850, 4494627 | Fax: 01-4462344
Email:- info@alliancenepal.com, cv@alliancenepal.com | www.alliancenepal.com

**UAE मा रोजगार**
कम्पनी: COSMO CENTER TRADING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति: २०७९/११/०८ — चलानी नं.: ६०१९६९५२ — L.T. No.: 281348 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stock Filler | 15 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,६६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Porter | 15 | 0 | | 800 | २८,५२८ | | | | | | | |
| 3. | Stall and Market Salesperson | 20 | 20 | | 1200 | ४२,७९२ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १९ र २० गते (4 & 5 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | रोजगारदाता कम्पनीले व्योहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्योहोने | रोजगारदाताले व्योहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२

**साउदीमा रोजगार**
कम्पनी: HISHAM MOHAMMED AL MUZAIN GENERAL CONTRACTING EST — शहर: Jubail
पूर्व स्वीकृत मिति: २०८०/०३/१२ — चलानी नं.: ६०२०३९४६ — L.T. No.: 288655

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Excavator Operator | 2 | 0 | स. काममा दक्ष | 1800 | ६२,८५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २० गते (5 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्योहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्योहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्योहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्योहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्योहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्योहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
